# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, मंसिर १३ गते २०६५ साल (अतिरिक्ताङ्क ३७(क+१)


## भाग ५

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी सुष्मा कोइराला मेमोरियल प्लाष्टिक सर्जरी अस्पतालको लागि Interplast Germany e.v. बाट उहार स्वरुप प्रदान गरिने यूरो ३,२६३.८० (तीन हजार दुई सय त्रिसट्ठी, सेन्ट असी) मूल्य बराबरको स्वास्थ्य सामग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बांकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय क्षयरोग केन्द्र, ठिमी भक्तपुरको लागि International Dispensary Assosiation (IDA), Switzerland बाट राष्ट्रिय क्षयरोग कार्यक्रम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्तर्गत DOTS Plus MDR TB को लागि नि:शुल्क वितरण गर्न सहयोग स्वरूप प्रदान गरिने अमेरिकी डलर ३१,४६०/२७ (एकतीस हजार चार सय साठी, सेन्ट सत्ताइस) मूल्य बराबरको औषधि आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरो बांकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी Bio-diversity Conservation and Sustainable Community Development in Terai Arc Landscape परियोजनाको लागि विश्व वन्यजन्तु संरक्षण कोषबाट अनुदान सहयोग स्वरुप प्रदान गरिने २५० (दुई सय पचास) थान क्यामरा र ४ (चार) थान Range Finder आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरो बांकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
भेषराज शर्मा
सह-सचिव

916



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.ह.द.नं. १६।०६२।६३

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।